**" मीठे बच्चे– तिमी हौ रूहानी पण्डा , तिमीले सबैलाई शान्तिधाम अर्थात् अमरपुरीको मार्ग बताउनु छ।"**

**प्रश्नः–** तिमी बच्चाहरूलाई कुनचाहिँ नशा छ, त्यस नशाको आधारमा कुनचाहिँ निश्चयको बोली बोल्छौ?

**उत्तरः–** तिमी बच्चाहरूलाई यो नशा छ– हामी बाबालाई याद गरेर जन्म-जन्मान्तरको लागि पवित्र बन्छौं। तिमीले निश्चयसँग भन्छौ– जतिसुकै विघ्न परुन् तर स्वर्गको स्थापना त अवश्य हुनु नै छ। नयाँ दुनियाँको स्थापना र पुरानो दुनियाँको विनाश हुनु नै छ। यो बनिबनाऊ ड्रामा हो, यसमा संशयको कुरै छैन।

**ओम् शान्ति।** रूहानी बच्चाहरूप्रति रूहानी बाबाले सम्झाइरहनु भएको छ। तिमीलाई थाहा छ– हामी आत्मा हौं। यस समयमा हामी रूहानी पण्डा बनेका छौं। बन्छौं पनि, बनाउँछौं पनि। यी कुरा राम्रोसँग धारण गर। मायाको तुफानले भुलाइदिन्छ। हरेक बिहान-बेलुका यो विचार गर्नुपर्छ– यो अमूल्य रत्न अमूल्य जीवनको लागि, रूहानी बाबाबाट मिल्छ। रूहानी बाबा सम्झाउनु हुन्छ– प्यारा बच्चाहरू! तिमी अहिले रूहानी पण्डा वा गाइड हौ, मुक्तिधामको मार्ग बताउनको लागि। यो हो सच्चा-सच्चा अमरकथा, अमरपुरीमा जानको लागि। अमरपुरीमा जानको लागि तिमी पवित्र बनिरहेका छौ। अपवित्र भ्रष्टाचारी आत्मा अमरपुरीमा कसरी जान्छ? मनुष्य अमरनाथको यात्रामा जान्छन्, स्वर्गलाई पनि अमरनाथपुरी भनिन्छ। अमरनाथ एक्लै कहाँ हुन्छ र। तिमीहरू सबै आत्माहरू अमरपुरी गइरहेका छौ। त्यो हो आत्माहरूको अमरपुरी परमधाम, फेरि अमरपुरीमा आउँछौ शरीरको साथ। त्यहाँ कसले लिएर जान्छ? परमपिता परमात्माले सबैलाई लिएर जानुहुन्छ। त्यसलाई अमरपुरी पनि भन्न सकिन्छ। तर सही नाम शान्तिधाम हो। त्यहाँ त सबैलाई जानु नै छ। ड्रामाको भावी टारेर टर्दैन। यो राम्रोसँग बुद्धिमा धारण गर। पहिला पहिला त आत्मा सम्झ। परमपिता परमात्मा पनि आत्मा नै हुनुहुन्छ। केवल उहाँलाई परमपिता परमात्मा भनिन्छ, उहाँले हामीलाई सम्झाइरहनु भएको छ। उहाँ नै ज्ञानको सागर हुनुहुन्छ, पवित्रताको सागर हुनुहुन्छ। अब बच्चाहरूलाई पवित्र बनाउनको लागि श्रीमत दिनुहुन्छ– म एकलाई याद गर्यौ भने तिम्रो जन्म जन्मान्तरको पाप काटिएर जान्छ। यादलाई नै योग भनिन्छ। तिमी त बच्चा हौ नि। बाबालाई याद गर्नु छ। याददवारा नै बेडा पार हुनु छ। यस विषयनगरी बाट तिमी शिवनगरीमा जान्छौ फेरि विष्णुपुरीमा आउँछौ। हामी पढ्छौं नै उहाँको लागि, यहाँको लागि होइन। यहाँ जो राजा बन्छन्, उनीहरू धन दान गर्नाले बन्छन्। कोही छन् जसले गरिबको धेरै सम्हाल गर्छन्, कसैले हस्पिटल, धर्मशाला आदि बनाउँछन्, कसैले धन दान गर्छन्। जस्तै सिन्धमा मूलचन्द थिए, गरिबको पासमा गएर गरिबलाई दान गर्थे। गरिबलाई धेरै सम्हाल गर्थे। यस्ता धेरै दानी हुन्छन्। बिहानै उठेर अन्नको मुठी निकाल्छन्, गरिबलाई दान गर्छन्। आजकल त धेरै ठगी चलेको छ। पात्रलाई दान दिनुपर्छ। त्यो अक्कल त छैन। बाहिर जो भीख माग्न बसेको हुन्छ उसलाई भिख दिनु, त्यो कुनै दान होइन। उनीहरूको त यो धन्दा हो। गरिबलाई दान गर्नेले राम्रो पद पाउँछन्।

अहिले तिमीहरू सबै रूहानी पण्डा हौ। तिमीले प्रदर्शनी वा म्युजियम खोल्छौ भने यस्तो नाम लेख जसद्वारा सिद्ध होस्– गाइड टु हेभन वा नयाँ विश्वको राजधानीका गाइडहरू। तर मनुष्यले केही पनि बुझ्दैनन्। यो हो नै काँडाको जंगल। स्वर्ग हो फूलहरूको बगैंचा, जहाँ देवताहरू रहन्छन्। तिमी बच्चाहरूलाई यो नशा रहनु पर्छ– हामी बाबालाई याद गरेर जन्म जन्मान्तरको लागि पवित्र बन्छौं। तिमीलाई थाहा छ– जति नै विघ्न परुन् स्वर्गको स्थापना त अवश्य हुनु छ। नयाँ दुनियाँको स्थापना र पुरानो दुनियाँको विनाश हुनु नै छ। यो बनिबनाऊ ड्रामा हो, यसमा संशयको कुरै छैन। थोरै पनि संशय ल्याउनु हुँदैन। यो त सबैले भन्छन् पतित-पावन। अंग्रेजीमा पनि भन्छन्– आएर दु:खबाट लिबरेट गर्नुहोस्, दु:ख हुन्छ नै ५ विकारबाट। त्यो हो नै निर्विकारी दुनियाँ, सुखधाम। अहिले तिमी बच्चाहरूलाई जानु छ स्वर्गमा। मनुष्यले सम्झन्छन्– स्वर्ग माथि छ, ऊनीहरूलाई यो थाहा छैन– मुक्तिधाम माथि छ। जीवनमुक्तिमा त यहाँ नै आउनु छ। बाबाले तिमीलाई सम्झाउनु हुन्छ, त्यसलाई राम्रोसँग धारण गरेर ज्ञानलाई नै मन्थन गर्नु छ। विद्यार्थीले पनि घरमा यही विचार गरिरहन्छन्– यो पेपर लेखेर दिनु छ, आज यो गर्नु छ। तिमी बच्चाहरूलाई आफ्नो कल्याणको लागि आत्मालाई सतोप्रधान बनाउनु छ। पवित्र बनेर मुत्तिधाममा जानु छ र ज्ञानबाट फेरि देवता बन्छौ। आत्माले भन्छ नि– हामी मनुष्यबाट बेरिस्टर बन्छौं। हामी

आत्मा मनुष्यबाट गभर्नर बन्छौं। आत्मा बन्छ शरीरको साथमा। शरीर खत्तम भएपछि फेरि सुरुबाट पढ्नु पर्छ। आत्माले नै पुरुषार्थ गर्छ, विश्वको मालिक बन्ने। बाबा भन्नुहुन्छ– यो पक्का याद राख– म आत्मा हुँ, देवताहरूलाई यसो भन्नु पर्दैन, याद गर्नु नै पर्दैन किनकि उनीहरू त हुन्छन् नै पावन। प्रारब्ध भोगिरहेका हुन्छन्, पतित कहाँ हुन्छन् र जसकारण बाबालाई याद गरुन्। तिमी आत्मा पतित छौ त्यसैले बाबालाई याद गर्नुपर्छ। उनलाई त याद गर्ने आवश्यकता छैन। यो ड्रामा हो नि। एक दिन पनि समान हुँदैन। यो ड्रामा चलिरहन्छ। सारा दिनको पार्ट सेकेण्ड-सेकेण्ड बदलिरहन्छ। सुट भइरहन्छ। त्यसैले बाबा बच्चाहरूलाई सम्झाउनु हुन्छ– कुनै पनि कुरामा हर्टफेल नबन। यी ज्ञानका कुरा हुन्। गर्न त आफ्नो धन्दा आदि पनि गर, तर भविष्य उच्च पद पाउनको लागि पूरा पुरुषार्थ गर। गृहस्थ व्यवहारमा पनि रहनु छ। कुमारीहरू त गृहस्थमा गएकै छैनन्। गृहस्थी उसलाई भनिन्छ जसका बाल-बच्चा छन्। बाबाले त अधरकुमारी र कुमारी सबैलाई पढाउनु हुन्छ। अधरकुमारीको पनि अर्थ बुझ्दैनन्। के आधा शरीर हो? अहिले तिमीलाई थाहा छ– कन्या पवित्र र अधर कन्या उनलाई भनिन्छ जो अपवित्र बनेपछि फेरि पवित्र बन्छन्। तिम्रो नै यादगार खडा छ। बाबाले नै तिमी बच्चाहरूलाई सम्झाउनु हुन्छ। बाबाले तिमीलाई पढाइरहनु भएको छ। तिमीलाई थाहा छ– हामी आत्माहरूले मूलवतनलाई पनि जानेका छौं फेरि सूर्यवंशी, चन्द्रवंशीले कसरी राज्य गर्छन्, क्षत्रियपनाको निशानी बाण किन दिएका छन्, त्यो पनि तिमीलाई थाहा छ। लडाई आदिको त कुरा होइन। न असुरको कुरा हो, न चोरीको कुरा सिद्ध हुन्छ। यस्तो त कुनै रावण हुँदैन जसले सीतालाई लिएर जाओस्। त्यसैले बाबा सम्झाउनु हुन्छ– प्यारा बच्चाहरू! तिमीले सम्झन्छौ– हामी स्वर्गका, मुक्ति-जीवनमुक्तिका पण्डा हौं। उनीहरू हुन् जिस्मानी पण्डा। हामी हौं रूहानी पण्डा। उनीहरू हुन् कलियुगी ब्राह्मण। हामीले पुरुषोत्तम बन्नको लागि पढिरहेका छौं। हामी पुरुषोत्तम संगमयुगमा छौं। बाबाले अनेक प्रकारले सम्झाइरहनु हुन्छ। फेरि पनि देह-अभिमानमा आउनाले भूल्छन्। म आत्मा हुँ, बाबाको बच्चा हुँ, त्यो नशा रहँदैन। जति याद गरिहन्छौ त्यति देह अभिमान टुट्दै जान्छ। आफ्नो सम्हाल गरिराख। हेर, मेरो देह अभिमान टुटेको छ? हामी अहिले गइरहेका छौं फेरि विश्वको मालिक बन्छौं। हाम्रो पार्ट नै हीरो हीराइनको हो। हीरो हीरोइन नाम तब हुन्छ जब कुनै विजय पाउँछन्। तिमीले विजय पाउँछौ तब तिम्रो हीरो हीरोइनको नाम हुन्छ यस समयमा, यो भन्दा पहिला थिएन। हार्नेलाई हीरो-हीरोइन भनिदैन। तिमी बच्चाहरूलाई थाहा छ– हामी अहिले गएर हीरो हीरोइन बन्छौं। तिम्रो पार्ट उच्च भन्दा उच्च छ। कौडी र हीरामा त धेरै फरक छ। कोही जतिसुकै लखपति वा करोडपति हुन् तर तिमीलाई थाहा छ– यो सबै विनाश भएर जान्छ।

तिमी आत्माहरू धनवान बन्दै जान्छौ। बाँकी सबै घाटामा गइरहेका छन्। यी सबै कुरा धारण गर्नु छ। निश्चयमा रहनु छ। यहाँ नशा चढ्छ, बाहिर गएपछि नशा उत्रिन्छ। यहाँका कुरा यहीं रहन्छन्। बाबा भन्नुहुन्छ– बुद्धिमा रहोस्– बाबाले हामीलाई पढाइरहनु भएको छ। जुन पढाइद्वारा मनुष्यबाट देवता बनिन्छ। यसमा मेहनतको कुनै कुरा छैन। धन्दा आदिमा पनि केही समय निकालेर याद गर्न सक्छौ। यो पनि आफ्नो लागि धन्दा हो नि। छुट्टी लिएर बाबालाई याद गर। उहाँले कुनै झुटो बोल्नुहुन्न। सारा दिन यत्तिकै कहाँ गुमाउनु छ र। हामीले भविष्यको त केही ख्याल गरौं। युक्तिहरू धेरै छन्, जति हुन सक्छ समय निकालेर बाबालाई याद गर। शरीर निर्वाहको लागि धन्दा आदि पनि गर। म तिमीलाई विश्वको मालिक बन्ने धेरै राम्रो सल्लाह दिन्छु। तिमी बच्चाहरू फनि सबैलाई सल्लाह दिने ठहरियौ। मन्त्रीहरू सल्लाहको लागि हुन्छन् नि। तिमी सल्लाहकार हौ। सबैलाई मुक्ति-जीवनमुक्ति कसरी मिल्छ, यस जन्ममा त्यो मार्ग बताउँछौ। मनुष्यले नारा आदि बनाएर भित्तामा टाँस्छन्। तिमीले लेख्छौ– 'पवित्र बनौं, राजयोगी बनौं'। तर यसबाट बुझ्दैनन्। अहिले तिमीले सम्झन्छौ– हामीलाई बाबाबाट यो वर्सा मिलिरहेको छ, मुक्तिधामको पनि वर्सा छ। मलाई तिमीले पतित-पावन भन्छौ त्यसैले म आएर पावन बन्ने सल्लाह दिन्छु। तिमी पनि सल्लाहकार हौ। मुक्तिधाममा कोही पनि जान सक्दैन, जबसम्म बाबाले सल्लाह दिनुहुन्न, श्रीमत दिनुहुन्न। श्री अर्थात् श्रेष्ठ मत हो नै शिवबाबाको। आत्माहरूलाई श्रीमत मिल्छ, शिवबाबाको। पाप आत्मा, पुण्य आत्मा भनिन्छ। पाप शरीर भनिदैन। आत्माले शरीरबाट पाप गर्छ त्यसैले पाप आत्मा भनिन्छ। शरीर विना आत्माले न पाप, न पुण्य गर्न सक्छ। त्यसैले जति हुन सक्छ विचार सागर मन्थन गर। समय त धेरै छ। शिक्षक वा प्रोफेसर छन् भने उनले पनि युक्तिले यो रूहानी पढाइ पढाउनु पर्छ, जसबाट कल्याण होस्। बाँकी यस जिस्मानी पढाइबाट के हुन्छ। हामीले यो पढाउँछौं। बाँकी थोरै दिन छन्, विनाश सामुन्ने खडा छ। भित्र उमंग आइरहन्छ, कसरी मनुष्यलाई मार्ग बताऊँ।

एक बच्चीलाई पेपर मिलेको थियो जसमा गीताको भगवानको कुरा सोधिएको थियो। उनले लेखिदिइन्– गीताको

भगवान शिव हुनुहुन्छ, त्यसैले उनलाई फेल गरिदिए। सम्झन्थिन्– म त बाबाको महिमा लेख्छु– गीताको भगवान शिव हुनुहुन्छ। उहाँ ज्ञानको सागर हुनुहुन्छ, प्रेमको सागर हुनुहुन्छ। कृष्णको आत्माले पनि ज्ञान पाइरहेको छ। यस्तो लेखिन् त्यसैले फेल भइन्। माता पितालाई भनिन्– म यो पढ्दिनँ। अब यस रूहानी पढाइमा लाग्छु। बच्ची पनि धेरै फर्स्टक्लास छिन्। पहिला नै भन्थिन्– म यस्तो लेख्छु, अनि फेल हुन्छु। सत्य त लेख्नु छ नि। पछि गएर बुझ्छन्– वास्तवमा बच्चीले जो लेखेकी थिइन् त्यो सत्य हो। जब प्रभाव निस्कन्छ वा प्रदर्शनी अथवा म्युजियममा उनीहरूलाई बोलाइन्छ तब थाहा हुन्छ। उनको बुद्धिमा आउँछ यो त राइट हो। धेरै मनुष्य आउँछन्। त्यसैले विचार गर्नु छ– यस्तो के गरौं जसबाट मनुष्यले यो नयाँ कुरा तुरुन्तै बुझून्। कसै न कसैले अवश्य बुझ्छन्, जो यहाँका हुन्छन्। तिमीहरूले सबैलाई रूहानी मार्ग बताउँछौ। विचराहरू कति दुःखी छन्, ती सबैको दुःख कसरी हटाउने। खिटपिट त धेरै छ नि। एक अर्काको दुस्मन बनेर कसरी समाप्त गरिदिन्छन्। अहिले बाबा बच्चाहरूलाई राम्रोसँग सम्झाइरहनु हुन्छ। माताहरू त विचरा अबोध हुन्छन्। भन्छन्– मैले त पढे लेखेको छैन। बाबा भन्नुहुन्छ– पढेका छैनौ भने राम्रो। वेद-शास्त्र जुन पढिएको छ त्यो सबै यहाँ भुलेर जानु छ। अहिले मैले जे सुनाउँछु, त्यो सुन। सम्झाउनु पर्छ– सद्गति निराकार परमपिता परमात्मा विना कसैले गर्न सक्दैन। मनुष्यमा ज्ञान नै छैन भने उनले फेरि सद्गति कसरी गर्न सक्छन्। सद्गति दाता ज्ञानको सागर एउटै हुनुहुन्छ। मनुष्यले यस्तो कहाँ भन्छन् र, जो यहाँका हुन्छन् उनीहरूले बुझ्ने कोसिस गर्छन्। एउटा पनि कोही ठूलो मान्छे निस्कियो भने आवाज हुन्छ। गायन छ गरिब तुलसीदासको कुरा कसैले सुन्दैनन्। सेवाका युक्तिहरू त बाबा धेरै बताउनु हुन्छ, बच्चाहरूले व्यवहारमा ल्याउनु पर्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) धन्दा आदि गर्दै भविष्यमा उच्च पद पाउनको लागि यादमा रहने पूरा-पूरा पुरुषार्थ गर्नु छ। यो ड्रामा सेकेण्ड सेकेण्डमा परिवर्तन भइरहन्छ। त्यसैले कहिल्यै कुनै दृश्य देखेर हर्टफेल हुनु हुँदैन।

२) यो रूहानी पढाइ पढेर अरूलाई पढाउनु छ, सबैको कल्याण गर्नु छ। मनमा यही उमंग आइरहोस्– कसरी सबैलाई पावन बन्ने सल्लाह दिउँ, घर जाने मार्ग बताउँ।

**वरदानः–** **डबल सेवाद्वारा अलौकिक शक्तिको साक्षात्कार गराउने विश्व सेवाधारी भव**

जसरी बाबाको स्वरूप नै हो विश्व सेवक, त्यस्तै तिमी पनि बाबा समान विश्व सेवाधारी हौ। शरीरद्वारा स्थूल सेवा गरेर पनि मनसाबाट विश्व परिवर्तनको सेवामा तत्पर बन। एकै समयमा तन र मनबाट संयुक्त सेवा होस्। जसले मनसा र कर्मणा दुवै साथ-साथै सेवा गर्छन्, त्यसबाट देख्नेलाई अनुभव वा साक्षात्कार हुन्छ– यो कुनै अलौकिक शक्ति हो। त्यसैले यस अभ्यासलाई निरन्तर र स्वाभाविक बनाऊ। मनसा सेवाको लागि विशेष एकाग्रताको अभ्यास बढाऊ।

**स्लोगनः–** सबैप्रति गुणग्राहक बन तर अनुसरण ब्रह्मा बाबालाई गर।